आज मिति २०७७/०६/३० गते शुक्रवार विहान ११:०० बजे ईश्वरपुर नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री मनोज कुमार देवकोटाज्यूको अध्यक्षतामा निम्नपदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिका प्रस्तावहरुमाथि छलफल तथा निर्णयहरु गरियो ।

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| प्रमुख | श्री मनोज कुमार देवकोटा | |
| उपप्रमुख | श्री एकावती देवी चौधरी | |
| वडा अध्यक्ष वडा नं. १ | श्री दु:खा प्रसाद चौधरी | |
| वडा अध्यक्ष वडा नं. २ | श्री सुरेन्द्र बहादुर कार्की | |
| वडा अध्यक्ष वडा नं. ३ | श्री सूर्य कुमार श्रेष्ठ | |
| वडा अध्यक्ष वडा नं. ४ | श्री टंक बहादुर रुम्बा लामा | |
| वडा अध्यक्ष वडा नं. ५ | श्री रुप बहादुर आले मगर | |
| वडा अध्यक्ष वडा नं. ६ | श्री मोहम्मद रहमन अन्सारी | |
| वडा अध्यक्ष वडा नं. ७ | श्री सुरत सिंह | |
| वडा अध्यक्ष वडा नं. ८ | श्री श्याम बहादुर थापा | |
| वडा अध्यक्ष वडा नं. ९ | श्री अमिरी लाल साह | |
| वडा अध्यक्ष वडा नं. १० | श्री राज नारायण चौधरी | |
| वडा अध्यक्ष वडा नं. ११ | श्री राम दुलार साह | |
| वडा अध्यक्ष वडा नं. १२ | श्री नागेन्द्र पाखिन | |
| वडा अध्यक्ष वडा नं. १३ | श्री रामकरण महतो कोईरी | |
| वडा अध्यक्ष वडा नं. १४ | श्री रामपुकार महतो कोईरी | |
| वडा अध्यक्ष वडा नं. १५ | श्री कपिल देव चौधरी थारु | |

| | | |
|---|---|---|
| कार्यपालिकासदस्य | श्री गिता देवी | |
| कार्यपालिका सदस्य | श्री पासपती | |
| कार्यपालिका सदस्य | श्री मदनकुमारी कार्की | |
| कार्यपालिका सदस्य | श्री रमा देवीअधिकारी | |
| कार्यपालिका सदस्य | श्री रिता देवी घिसिङ | |
| कार्यपालिका सदस्य | श्री उर्मिलाकुमारी सिंह | |
| कार्यपालिका सदस्य | श्री ढलक बहादुर विश्वकर्मा | |
| कार्यपालिका सदस्य | श्री सौखतअन्सारी धुनिया | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री उदय प्रसाद देवकोटा | |
| शाखा अधिकृत | श्री पुष्करमणि घिमिरे | |
| लेखा अधिकृत | श्री श्याम प्रसाद यादव | |

प्रस्तावहरु

१. गत आ.व.२०७६।०७७ मा कागजात पेश भएका योजनाको भुक्तानी दिने सम्वन्धमा
२. स्थानीयतहका कर्मचारीहरुको विमा सम्वन्धमा
३. घरभाडा सम्झौता नविकरण सम्वन्धमा
४. इन्टरनेटको नविकरण सम्वन्धमा
५.डिजिटल प्रोफाइल तयारी कार्यको कार्यक्रमको सूचना रद्द गरी धरौटी रकम फिर्ता दिने सम्वन्धमा
६. विभिन्न कार्य एवं कार्यक्रम संचालन वापतको रकम भुक्तानी सम्वन्धमा

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकावाट गत आ.व. २०७६।०७७ मा सम्झौता भई कार्यान्वयन भएका योजनाहरु मध्ये तपसिलमा उल्लेखित योजनाहरुको भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन सहित गत आ.व.को असार मसान्तमा कागजात पेश भएको तर भुक्तानी हुन बाँकी रहेकोले उक्त योजनाको गत आ.व.मै पेश भएको प्राविधिक मूल्यांकन तथा कागजात वमोजिम नै रकम भुक्तानी दिने निर्णय गरियो । साथै क्र.सं. १५ मा उल्लेखित ईश्वरपुर नगरपालिकाको राजस्व सुधारको लागि तयार गरिएको राजस्व सुधार कार्ययोजना २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | स्वीकृत रकम रु. | सम्झौताभएको रकम रु. | मूल्यांकनभएको रकम रु. | भुक्तानीदिनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | सागरनाथमा.वि.मा स्याल्लो ट्युववेल जडान | ४,५०,०००।- | ५,०७,९८८।७५ | ५,०७,९८८।७५ | ४,५०,०००।- |
| २ | ईश्वरपुर नपा वडा नं. १ को वडा भरी खानेपानी जडान | ३,००,०००।- | ३,५५,०५०।- | ३,३१,५००।- | २,७०,६००।- |
| ३ | कविरकुठी मठ भवन सामुदायिकभवननिर्माण | १०,००,००० | ११,७७,९७६।- | ४,१४,३१८।९८ | ३,३९,७४१।- |
| ४ | माझी वस्तीमा ईनार निर्माण | १,८५,०००।- | २,२०,०३९।- | २,२०,४४७।- | १,८५,०००।- |
| ५ | एमपि टोलमा राजदेवीमहतोको घरदेखि रामशरण महतोको घरसम्म सडक ढलान | ५,००,०००।- | ५,८९,७६१।८७ | ५,७६,४३३।- | ४,८८,८००।- |
| ६ | हरकठवाको रघुनाथ महतोको पश्चिमजंगल छेउको जग्गामाइनार निर्माण | १,३५,०००।- | १,५८,९७४।५० | १,६१,०८०।- | १,३५,०००।- |
| ७ | हरकठवा विश्वकर्मा बजारमा सार्वजनिकशौचालयनिर्माण | २,००,०००।- | २,३५,३६४।- | २,३७,७४६।- | २,००,०००।- |
| ८ | रामपुर चौरीटोलवाट पुर्व कुलोपैनी वेदवहादुरको घरजानेवाटो कल्भर्ट ढलान | ६०,०००।- | ७७,८२३।- | ६३,६४३।- | ५०,०००।- |
| ९ | बयलवास बजार व्यवस्थापनकार्य ( सडक ढलान तथाशौचालयनिर्माण | ५०,००,०००।- | ५८,८३,५९८।६१ | ३४,३६,४६०।०७ | २९,३१,५००।- |
| १० | वडा नं. १० अन्तर्गत कृषिविद्युतीकरण | १५,००,०००।- | १४,८६,०००।- | १०,३०,५७८।- | ८,७५,०००।- |
| ११ | दाउदओलुमअहमदियामदर्शामासिमेन्ट इन्टरलक | १,५०,०००।- | १,८०,३६४।- | २,०३,०३८।- | १,५०,०००।- |
| १२ | नरेशखोर अधुरो तथानयाँनालानिर्माण | १५,००,०००।- | १७,६९,९२८।- | १७,८९,०५०।- | १५,००,०००।- |
| १३ | सागरनाथचोकमा स्वागत गेट निर्माण | ३,२९,४००।- | ३,६६,०८३।- | ४,०३,२०३।- | ३,२९,४००।- |
| १४ | फुलजोर चोकमाशौचालयनिर्माण | २,००,०००।- | २,३५,३६४।- | २,३६,७४६।- | २,००,०००।- |
| १५ | ईश्वरपुर नगरपालिकाको राजस्व सुधार कार्ययोजनातयारी | २,९७,७५५।- | २,९७,७५५।- | २,९७,७५५।- | २,९७,७५५।- |
| १६ | धनजोरटोल रामएकवालको घरदेखि पुर्वजाने वाटो ढलान | ५,००,०००।- | ५,५६,४४२।- | ५,५९,७७३।- | ५,००,०००।- |
| १७ | ईश्वरपुर-५ फुलजोर चोकमाखानेपानी टंकी निर्माण तथापाइपविस्तारकोलागिपाइपखरिद | ४,५०,०००।- | ५,०७,९८८।७५ | ५,०७,९८८।७५ | ४,५०,०००।- |
| १८ | भौतिक पुर्वाधार तथा मर्मत संभार | ३,००,०००।- | | | ३,००,०००।- |
| १९ | श्री ज.मा.वि.श्रीनगरको स्यालो ट्युवेल जडान | ५,००,०००।- | | | ५,००,०००।- |

प्रस्ताव न. २माथि छलफल गदा इश्वरपुर नगरपालिकामा समायोजन भएका ईश्वरपुर नगरपालिकामा समावेश भएका साविक ईश्वरपुर, वेला र गौरीशंकर गाविसमाकार्यरत स्थायीकर्मचारीहरुको मासिक सावधिक जीवन विमा गर्न छुट भएको हुँदा निज कर्मचारीहरुको २०७७ श्रावण महिना देखि सावधिक जीवन गर्ने व्यवस्थाका लागि निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको वडा नं. ६,७, ९ तथा शिक्षा, स्वास्थ्य शाखा एवं आर्युवेद शाखा संचालन र जिन्सी सामान भण्डारणको लागि विभिन्न व्यक्तिको घरभाडामा लिएकोमा सो मध्ये ईश्वरपुर नगरपालिकाको वडा नं. ६,७, ९ तथा शिक्षा एवं स्वास्थ्य शाखाका लागि लिइएको घरभाडा म्याद समाप्त भएको मिति देखि २०७७ भाद्र महिनासम्मको लागि सम्झौता नविकरण गरी निजको घरभाडा रकम भुक्तानी दिने निर्णय गरियो । साथै आर्युवेद शाखा संचालन र जिन्सी सामान भण्डारणको लागि लिइएको घरभाडा म्याद समाप्त भएको मिति देखि २०७८ असारमसान्त सम्मको लागि थपगर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको कार्यालय तथा वडा कार्यालयको प्रयोजनको लागि विभिन्न सेवा प्रदायक संस्थाहरुवाट इन्टरनेट सेवा लिइएकोमा उक्त इन्टरनेट सेवा सन्तोषजनक रहेकोले सेवा प्रदायक संस्थासंगको सम्झौता म्याद समाप्त भएको मिति देखि २०७८ असार मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको डिजिटल प्रोफाइल तयारीकोलागि गत आ.व.मा प्रस्ताव पेश गर्न आव्हान गरिएको सूचना रद्द गर्ने निर्णय गरियो । साथै प्रस्ताव पेश गर्ने संस्था/फर्मलाई धरौटी वापत राखिएको रकम फिर्ता गर्ने निर्णय गरियो

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको कार्यालय र वडा समितिको कार्यालयवाट सम्पादन भएको तपसिलमा उल्लेखित निम्नानुसारको कार्यको भुक्तानी वापतको देहायवमोजिमको खर्च रकम स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | कामको विवरण | भुक्तानी गर्नु पर्ने रकम | भुक्तानी लिनेको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | पिसिआर टेष्टको लागि लिइएको स्वाव परिक्षण गर्न काठमाडौ. पठाइएको एम्बुलेन्सको भाडा वापतको रकम | २१,५००।- | फरमान अंसारी सेवा समाज, ईश्वरपुर | |
| २ | कार्यालय, पदाधिकारी एवं विभिन्न वडामा सडक मर्मतकोलागि डोजरमा प्रयोग भएको इन्धन वापतको रकम | २,८२,९१३।- | रोयल फ्युल सेन्टर, ईश्वरपुर | |

२०७७।६।१९

२०७७।६।२०

| | | | | |
|---|---|---|---|---|
| ३ | औषधि उपचार खर्च भुक्तानी | ९०,८४०।- | ले.अ.श्याम प्रसाद यादव | नगरसभाको निर्णय नं.९० वमोजिम |
| ४ | कार्यालयको जिप मर्मत खर्चको भुक्तानी | ५,२५,०४१।९९ | सिप्रदी ट्रेडिङ, वीरगंज | कार्यालयको जीप दुर्घटना भई मर्मत गरिएको |
| ५ | कार्यालयको जीप दुर्घटना भई वीरगंजसम्म लैजादा भएको खर्च भुक्तानी | २७,०००।- | ड्राइभर रामईश्वर महतो | |
| ६ | वडा नं. ३ मा हैण्डपाइप जडान खर्च | १४,१००।- | पिताम्वर राय | |